# प्रदेश लोक सेवा आयोग

मधेश प्रदेश, जनकपुरधाम

## बार्षिक प्रगति समीक्षाको प्रेस विज्ञप्ति

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को परिच्छेद १२, दफा ६६ को व्यवस्था बमोजिम मिति २०८० असोज २९ गते सोमबारका दिन माननीय प्रदेश प्रमुख समक्ष २०७९ साल साउन १ गते देखि २०८० साल असार मसान्तसम्म आयोगबाट सम्पादित काम कारवाहीहरु समेटिएको चौथो वार्षिक प्रतिवेदन पेश गरिएको छ । प्रतिवेदनमा आयोगको गठन र कार्यक्षेत्र, आयोगको कार्यसम्पादनका आधारहरु, प्रशासनिक तथा वित्तीय स्थिती, परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम, विज्ञापन र दरखास्त, परीक्षा र परीक्षण, अन्तर्वार्ता र सिफारिस, सुरक्षा निकाय र संगठित संस्थाको पदपूर्ति, परामर्श र उजुरी, ध्यानाकर्षण र सुझाब शिर्षकका १० परिच्छेदहरुमा प्रस्तुतिकरण समेटिएको छ ।

**आर्थिक वर्ष २०७९/८० को अवधिमा आयोगबाट सम्पादन भएका कार्य सम्बन्धी मुख्य तथ्यहरुः**

- अप्टिकल मार्क रिडर (OMR) प्रविधिबाट वस्तुगत बहुउत्तर उत्तरपुस्तिका परीक्षण मिति २०७९ असोज १ गतेबाट सुरु भएको छ ।
- प्रदेश निजामती सेवाका अधिकृत ऐघारौं तह देखि सहायक चौथो तहका बढुवा तर्फ १११, अन्तरसेवा तर्फ १८, खुला तर्फ १०८ र समावेशी तर्फ ७४ गरी जम्मा ३११ पदसंख्याको लागि १६७ वटा विज्ञापन सूचना आह्वान भएको छ ।
- प्रदेश निजामति सेवाको अन्तरसेवा, खुला र समावेशी लिखित परीक्षामा सामेल हुन ६ हजार ३ सय ८ जना महिला र १४ हजार ६७ जना पुरुष गरी कुल जम्मा २० हजार ३ सय ७५ जना उमेदवारले दरखास्त दिएका छन् । उक्त दरखास्त फारमहरु स्विकृत गर्ने काम भएको छ ।
- प्रश्नपत्र सम्वन्धमा ३ सय ६५ सेट परिमार्जित प्रश्नपत्र तयारी गरि १ सय २५ सेट प्रश्नपत्र प्रयोग गरिएको छ।
- प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवाका अधिकृत नवौं तह देखि सहायक चौथो तह सम्म (अप्राविधिक /प्राविधिक) पदको विज्ञापन सूचनाको लिखित परीक्षा संचालन गरी उत्तरपूस्तिका परीक्षण, नतिजा प्रकाशन, अन्तरवार्ता संचालन र सिफारिशको क्रममा रहेको छ ।
- उक्त अवधिमा संचालित लिखित परीक्षामा अधिकृत नवौं तहमा ४६ जना, अधिकृत आठौं र सातौं तहमा २ हजार ५ सय ४३ जना, सहायक पाँचौ तहमा ४ हजार ६ सय ४५ जना र सहायक चौथो तहमा ४ हजार ९ सय ८८ जना गरी जम्मा १२ हजार २ सय २२ जना उम्मेदवार सम्मेलित भएका छन् ।
- उक्त अवधिमा प्रदेश निजामती सेवाका अधिकृत नवौं तहको २७ वटा विज्ञापन सूचनाको लिखित नतिजा प्रकाशन, अन्तरवार्ता कार्यक्रम संचालन र ३० पदको लागि १८ जना मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, मधेश प्रदेशमा सिफारिश गर्ने काम भएको छ ।
- आयोगबाट मिति २०७९।४।१ मा पदपूर्ति सम्वन्धी कार्यतालिका स्वीकृत गरि विज्ञापन लगायतका काम कारवाही अगाडि बढाईएको छ ।
- विज्ञापित पदहरुको परीक्षा संचालन सम्वन्धी तालिका प्रकाशन, लिखित परीक्षा संचालन र अन्तरवार्ता तथा सिफारिश आयोगको प्राथमिकताको कार्यसूचीमा रहेका छन् ।
- यस अवधिमा पर्न आएका दरखास्तहरुको वर्गीकरण विभिन्न आधारमा प्रतिवेदनमा प्रस्तुत गरिएको छ।
- आयोगको क्षेत्राधिकार भित्र पर्ने विषयहरुमा आयोगसँग परामर्श नै नलिईएको सम्वन्धमा प्रदेश सरकार गम्भीर बन्ने अपेक्षा समेत यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ । यसका साथै केही महत्वपूर्ण नीतिगत विषयहरुमा यस प्रतिवेदन मार्फत प्रदेश सरकारलाई सुझाबहरु दिईएको छ ।

गंगेश गुंजन झा
उपसचिव एवम् प्रवक्ता

२०८० साल असोज २९ गते सोमबार ।